# धावा कथामा नारीचेतना

होमनाथ जोशी

**लेखसार**

प्रस्तुत अनुसन्धानात्मक लेख नीलम कार्की निहारिकाको हवन कथासङ्ग्रह (२०६२) भित्र सङ्ग्रहित धावा कथा नारीचेतनाको विश्लेषणमा आधारित छ । यस लेखमा धावा कथालाई विश्लेष्य सामग्रीको रूपमा प्रस्तुत गरी कथामा नारीवादी चेतना केकसरी प्रस्तुत भएको छ भन्ने मूल समस्यामा केन्द्रित भई प्रस्तुत कथालाई नारीवादी चेतनाका आधारमा विश्लेषण गर्नु यस लेखको प्रमुख उद्देश्य रहेको छ । यस लेखमा पितृसत्ता, सामाजिक विभेद र प्रतिरोधी चेतनाको ढाँचा प्रस्तुत गरी कथालाई पाठविश्लेषण विधिका आधारमा  व्याख्याविश्लेषण गरी कथामा पितृसत्ताका कारण महिलामा हुने सामाजिक शोषण, शारीरिक तथा मानसिक दबाब र नियन्त्रणका साथै महिलाहरू आफ्नो अधिकार र पहिचानका लागि नारीविरोधी चेतनाका विरुद्धमा कसरी क्रियाशील हुन्छन् भन्ने कुरालाई निष्कर्षका रूपमा प्रस्तुत गरिएको यो लेख गुणात्मक पद्धतिमा आधारित रहेको छ ।

**मुख्य शब्दावली** :  पहिचान, पितृसत्ता, प्रतिनिधित्व, प्रतिरोध, संस्कृति

## .विषयपरिचय

नीलम कार्की निहारिका ( २०३१) आधुनिक नेपाली कथाको उत्तरवर्ती चरणकि सशक्त कथाकार हुन् । उनका **हवन** (२०६२), **कागजमा दस्तखत** (२०६६), **बेली** (२०६८) कथासङ्ग्रह प्रकाशित छन् । उनका कथामा मातृत्व, नारीसंवेदना र नारीअस्तित्वका साथै अनुभूतिका विविध पक्षको सूक्ष्म चित्रण पाइन्छ । उनका कथामा सामाजिक राजनीतिक क्षेत्रमा देखिएका विसङ्गतिको चित्रण हुनुका साथै सीमान्तीय चेतनाको प्रस्तुति समेत पाइन्छ । कथालाई सरल भाषा र प्रयोगशील आकर्षक शैलीका माध्यमबाट प्रस्तुत गर्नु उनको भाषाशैलीगत विशिष्टता हो ।

**धावा** कथा नीलम कार्की निहारिकाको **हवन** कथासङ्ग्रह (२०६२) भित्र सङ्ग्रहित कथा हो । यस कथाको शीर्षकले नै महिलामा विकसित प्रतिरोधी चेतनालाई प्रस्तुत गरेको छ । यस कथामा धावाले कुनै व्यक्तिविशेषलाई मात्रै लक्षित नगरेर वर्तमान पितृसत्तात्मक सामाजिक चेतना  र त्यस चेतनाले निर्माण गरेको शासकीय संरचनाप्रतिको धावा हो । यस कथामा महिलाको पहिचान र त्यसको प्रतिरोध स्वरूप  महिलाका समसामयिक मुद्दाहरूलाई आधार बनाएर लेखिएको कथा यस कथामा पुरुष बहुल समाजमा महिलाले भोग्नु परेको शोषणको चित्रण हुन पुगेको छ । नारीले आफ्नो पहिचानका साथै अधिकारका लागि तत्कालीन शक्तिसत्तासँग सङ्घर्ष गर्नु पर्दछ भन्ने ज्वलन्त उदाहरणको रूपमा यस कथालाई लिन सकिने भएकाले यो कथा नारीवादी चेतनाका कोणबाट अध्ययन गर्न उपयुक्त देखिन्छ । यस कथामा एउटी महिलाले आफ्नो गर्भमा रहेको सन्तानको परिचय स्वरूप न्याय पाउँनका लागि पितृसत्तात्मक समाजका साथै त्यसले निर्माण गरेको शासकीय संरचनासँग सङ्घर्ष गर्नु परेको छ । महिलाले आफ्नो गर्भमा रहेको सन्तानको परिचय स्थापित गर्न अगाडि बढेको सन्दर्भ प्रस्तुत गरिएको

यस कथामा महिलालाई अनेक चारित्रिक आरो लगाउने र आफू निष्कलङ्क ठान्ने वर्तमान समाजिक संरचनामा पुरुष नै दोषका जिम्मेबार हुन्छन् । साथै पुरुष मानसिकताका कारण समाजमा  नारीहरू कसरी  पीडित बन्न पुग्छन र पितृसत्ताकै कारणबाट पीडित मात्रै नबनी आफ्नो अधिकार र स्वपहिचानका लागि कसरी जागरुक बन्छन् भन्ने चेतना कथामा प्रस्तुत गरिएको छ ।

नारी समानता, अस्तित्व र अधिकारका मुद्दाहरूलाई विषय बनाएर लेख्नु नै नारीवादी चेतना हो । यो नारीसम्बन्धी लेखकीय दृष्टिकोण हो । कुनै पनि रचनामा लेखकले नारीको प्रतिनिधित्व कसरी गराएका छन् । नारीलाई कुन रूपमा उभ्याएका छन् भन्ने आधारबाट कुनै पनि कृति नारीवादी दृष्टिकोणले कति सफल छ भन्ने कुराको निर्क्यौल गर्न सकिन्छ । नारीका विविध विषयलाई केन्द्रमा राखेर गरिने यस प्रकारको अध्ययनलाई नारीवादी अध्ययन भनिन्छ । यसले विशेष गरी नारी स्वतन्त्रताको पक्षमा वकालत गर्दै नारीमाथि हुने दमन र विभेदको अन्यका लागि नारीलाई जागृत गराउँछ । नारीवाद नारी समानता, हक र अधिकारका लागि गरिएको एउटा आन्दोलन र अभियानसँग सम्बन्धित छ । यसले पुरुषसरह नारीले पनि स्वतन्त्र रूपमा बाँच्न पाउनु पर्छ भन्ने मान्यतालाई अघि सारेको पाइन्छ भने पुरुष र नारीमा जैविक वा प्राकृतिक रूपमा भिन्नता भए पनि सामाजिक तथा शासकीय मान्यताले नारीलाई अत्यन्तै कमजोर रूपमा प्रस्तुत मात्रै नगरी स्वतन्त्र अधिकारबाट समेत वञ्चित गरेको छ भन्दै समाजबाट भएको विभेद समाजबाटै अन्त्य हुनु पर्दछ र  यसका लागि संसारका महिला सङ्गठित भई अगाडि बढ्नु पर्दछ भन्ने मान्यता राख्छ । नारीवाद विशेष गरी नारी समस्यामा केन्द्रित हुने अवधारणा भएकाले कुनै पनि कृति वा पाठभित्र नारीको अवस्था   के-कस्तो छ र नारी चेतना के कसरी प्रस्तुत भएको छ भनेर अध्ययन गरिन्छ ।

## अध्ययनको समस्या र उद्देश्य

सास्कृतिक अध्ययनमा नारीवादी चेतनाअन्तर्गत नीलम कार्की निहारिकाको **धावा** कथामा नारीवादी चेतना अन्तर्गत पितृसत्ता, प्रतिनिधित्व र प्रतिरोधी चेतना के कस्तो छ भन्ने प्राज्ञिक जिज्ञासा नै अध्ययनको प्रमुख समस्या रहेको छ, भने कथालाई पितृसत्ता, प्रतिनिधित्व र प्रतिरोधी चेतनाका आधारमा विश्लेषण गर्नु यस लेखको प्रमुख उद्देश्य रहेको छ ।

## अध्ययनविधि

नीलम कार्की निहारिकाद्वारा लिखित  **धावा** कथाको अध्ययन विश्लेषणका लागि निम्नअनुसारका सामग्री सङ्कलन तथा विश्लेषण विधिको प्रयो गरी निष्कर्ष प्रस्तुत गरिएको छ :

### सामग्री सङ्कलन तथा विश्लेषणविधि

प्रस्तुत अध्ययनका लागि आवश्यक पर्ने प्रमुख तथा सहायक सामग्री सङ्कलनको  मुख्य स्रोत पुस्तकालयीय कार्यलाई बनाइएको छ । पुस्तकालयीय कार्यद्वारा सङ्कलित सामग्रीहरू प्राथमिक र द्वितीयक गरी दुई प्रकारका रहेका छन् । पुस्तकालयीय कार्यद्वारा विश्लेष्य सामग्रीको रूपमा नीलम कार्की निहारिकाको **धावा** कथालाई प्राथमिक सामग्रीको रूपमा प्रस्तुत गरिएको छ भने कथाको

सैद्धान्तिक विश्लेषणका लागि  प्राप्त विद्वानहरूका सैद्धान्तिक पुस्तक तथा यससम्बन्धी गरिएका पूर्वकार्यसँग सम्बन्धित  सामग्रीलाई द्वितीयक सामग्रीको रूपमा प्रस्तुत गरिएको छ । मूलपाठको गहनपठन गरी दिइएका साक्ष्यलाई नारीवादी मान्यताका आधारमा विश्लेषण गरिएकाले यसको पद्धति निगमनात्मक पद्धति रहेको छ । साथै पाठको विशेषण गरी निष्कर्ष प्रस्तुत गरिएकाले पाठविश्लेषणविधिको प्रयोगका साथै यसको समग्र पद्धति गुणात्मक रहेको छ ।

### सामग्री विश्लेषण ढाँचा

प्रस्तुत अध्ययनमा दर्शाइएका समस्याको  प्राज्ञिक समाधानका लागि नीलम कार्की निहारिकाको **धावा** कथालाई मुख्य आधार बनाइएको छ । सङ्कलित सामग्रीको विश्लेषणका लागि सांस्कृतिक अध्ययनको मुख्य विषयका रूपमा रहेको नारीवादी चेतना अन्तरगत पितृसत्ता, प्रतिनिधित्व र प्रतिरोधसम्बन्धी दृष्टिकोणलाई आधार बनाई कथामा पितृसत्ताको कारण नेपाली समाजमा महिलाहरू कसरी पीडित बन्न पुगेका छन् भन्ने सन्दर्भलाई प्रस्तुत गर्दै महिलारूको प्रतिनिधित्व कसरी भएको छ र पितृसत्तात्मक चिन्तन र व्यवहारका विरूद्ध महिलाहरूको प्रतिरोध कुन रूपमा प्रस्तुत भएको छ भन्ने विश्लेषण गरिएको छ ।

## सैद्धान्तिक पर्याधार

नारीवाद अङ्ग्रेजी फेमिनिजमको नेपाली रूपान्तरण हो । यो एउटा महत्त्वपूर्ण वैचारिक आन्दोलन हो । यो पुरुषविरोधी आन्दोलन नभएर पितृसत्ता वा पुरुषत्वका कारण महिलामाथि हुने दमन र शोषणको विरुद्धमा सङ्गठित आन्दोलन हुनुक साथै साथै एउटा वैचारिक दर्शन पनि हो । यो महिलाको जीवनको आवश्यकताले जन्मिएको सिद्धान्त हुनुको साथै महिलाका हक र अधिकारलाई सुनिश्चित गर्ने चिन्तन हो भने यो नारीलाई केन्द्रमा राखेर कृतिको अध्ययन विश्लेषण गर्ने समालोचना पद्धति हो  । यो विशेष गरी नारी आन्दोलन र अभियानका क्रममा आएको सामूहिक दृष्टिकोण हो । यसले नारीप्रति हुने अन्याय तथा विभेदपूर्ण व्यवहारको विरोध गरी नारी स्वतन्त्रता र समानताका पक्षमा वकालत गर्दछ । “अरु राजनीतिजस्तै नारीवाद पनि नारीमुक्तिका लागि सुरु भएको राजनीतिक आन्दोलन हो” (भट्टराई, २०७७ पृ. १२४) । यसले नारीलाई केन्द्रमा राखेर साहित्यिक कृतिको अध्ययन विश्लेषण गर्छ । नारीवादसम्बन्धी अध्ययन गर्ने दृष्टिकोणहरू एउटै नभएर फरकफरक रूपमा देखापरेका छन् । उदार नारीवाद, समाजवादी नारीवाद र मार्क्सवादी नारीवाद जस्ता थुप्रै यस सिद्धान्तका स्वरूपहरू रहेका छन् । यसरी नारीवादका विभिन्न स्वरूपहरू देखापरे तापनि यसको मूल उद्देश्य भने नारी स्वतन्त्रताको वकालत गर्नु नै रहेको छ । सन् १९५० को दशकपछि नारीवादी समालोचनाले एउटा अभियानको रूप लिएको हो । परम्परादेखि नै नारीलाई घरभित्रको आन्तरिक कार्यसँग संलग्न गराइएको पाइन्छ भने पुरुषलाई घरबाहिरको कार्यमा संलग्न गराइन्छ ।  यसले तिनै अतीतका नारीसम्बन्धी दृष्टिकोण भत्काएर साहित्यको पुनर्मूल्याङ्कनमा जोड दिन्छ । “नारीवाद पुरुष दमन र शोषणको विरोधी आन्दोलन हो र यसले पुरुषसरह अवसर र पहुँचको खोजी गर्दछ । यसको सम्बन्ध सांस्कृतिक अधीनस्थताको विरोधसँग छ ” (भट्टराई, २०७७, पृ. १२४) । नारीलाई सिङ्गो

रूपमा नारीले मात्र चिन्न सक्छन्, नारीले मात्र न्याय गर्न सक्छन् र नारी पात्रहरूको विश्लेषण पनि नारीबाट मात्र सही रूपमा हुन सक्छ भन्ने किसिमका विभिन्न चिन्तनहरूका पृष्ठभूमिमा नै नारीवादी समालोचना विकसित भएको हो ( त्रिपाठी, २०६८ पृ. ९४) । नारीवादी साहित्य तथा समालोचनाको वास्तविक थालनी सन् १९७० को दशकमा भएको हो । "पितृसत्तात्मक सोच र संस्कारका कारणले नै महिलाका भूमिकाहरू पुरुषको दाँजोमा सामाजिक मूल्यमान्यताका आधारमा कमजोर र मूल्यहीन मानिन्छन्" (ढकाल, २०७०, पृ. ३२७) । यसरी हेर्दा नारी विभेदको मुख्य कारण पितृसत्तात्मक सामाजिक संरचना हो । "संसारको दुई तिहाइ श्रम नारीहरूले नै गर्ने भए पनि उनीहरूले गर्ने घरको कामलाई प्रायः उत्पादक श्रमको रूपमा लिइदैन" (उप्रेती, २०६८, पृ. १९०) । नारीवादले विशेष गरी जेन्डरको प्रश्न वा मुद्दालाई सम्बोधन गर्छ । यसको मुख्य उद्देश्य नै लैङ्गिक भिन्नतासम्बन्धी मुद्दाको उठान गर्नु हो । लैङ्गिक भिन्नताका अधारमा नारी र पुरुष छुट्टिन्छन् । लिङ्ग (सेक्स) ले शारीरिक संरचनाका अधारमा जैविक भिन्नता र यौनिकता (जेन्डर) ले सामाजिक सांस्कृतिक रूपमा संरचित नारी र पुरुषको भूमिका, व्यवहार अभिव्यक्ति तथा पहिचानलाई बुझाउँछ । विशेष गरी अहिले नारीवादी अध्ययन छुट्टै विषयका रूपमा हुनथालेको पाइन्छ । यसरी नारी स्वतन्त्रता र अधिकारको पक्षमा वकालत गर्ने नारीवादी सिद्धान्त वर्तमानमा निकै स्थापित सिद्धान्तको रूपमा देखापरेको छ ।

## आख्यानसन्दर्भ

**धावा** कथा नारीचेतनामा आधारित कथा हो । यस कथाको प्रारम्भ नै न्यायालय, प्रशासन र अस्पताल लगायतका ठाउँहरूमा पुरुषहरूको भीड लागेको सन्दर्भबाट गरिएको छ । यस कथामा म पात्रले आफ्नो गर्भमा रहेको सन्तानको परिचयका लागि उसको बाबुको खोजी गर्न न्यायालयमा अपिल गरेबमोजिम हरेक पुरुषको डी.एन.ए. परीक्षणका लागि निर्देशन गरे बमोजिम पुरुषको घुइँचो लागेको छ । सोह्र वर्षमाथिका हरेक पुरुषले डि.एन. ए. परीक्षणका लागि पायक पर्ने केन्द्रमा सम्पर्क राख्नु पर्ने अन्यथा कारबाही हुने चेतावनी सहित रेडियो, टेलिभिजन र एफ.एममार्फत सूचना जारी हुन्छ । हरेक सार्वजनिक स्थलमा यसै विषयलाई लिएर निकै चर्चा हुन थाल्छ । सडकमा प्लेकार्ड र ब्यानरसहित नाराबाजी हुन्छ । यस विषयलाई लिएर पक्ष र विपक्षका बिच भनाभन र कुटपिटसमेत हुन्छ भने यसको विपक्षमा रहेकाहरू सिङ्गो देश नै चरित्रहीन महिलाका पछि लाग्न नहुने कुरामा नाराबाजी गर्छ । महिलालाई उसको गर्भमा रहेको सन्तान कसको हो ? उसको बाबु को हो ? भनेर प्रश्न गर्दा आफूलाई आफ्नो सन्तानको बाबुबारे थाहा नभएको बताउँदै आफ्नो पेटमा रहेको सन्तानको बाबुको खोजी गर्ने र न्याय दिने कानुन भएको बताउँछे । कतिपयले भने यस विषयलाई लिएर फलानो छोरा र फलानाको नाति भनेर बर्सौंदेखि प्रमाण पत्र कुन आधारमा दिने गरेको हो भन्दै म पात्रको पक्षमा कुरा गर्छन् । सडकमा दुईथरि जुलुस निस्किन्छन् । एकातिर केटाकेटी र महिलारू छन् भने अर्कोतिर पुरुषहरू छन् । एकातिर आमाले न्याय पाउनु पर्छ भन्दै महिलाहरू नाराबाजी गर्छन् भने अर्कोतिर अदालतले पुरुषको डी. एन. ए. परीक्षणका लागि गरेको निर्णय फिर्ताका लागि नारा लगाउँछन् । देशभरि नै यस विषयमा चर्को नाराबाजी हुन्छ । होटल लगायत सभाकक्षमा यस विषयलाई लिएर निकै बहस हुन थाल्छ । म पात्रले आफूमाथि न्याय हुनु पर्ने बताउँछे तर यस विषयलाई लिएर डी. एन ए. को सम्भावित

परिणामलाई लिएर कतिपय पुरुषमा चिन्ता र कौतूहल सिर्जना गरेको छ । र्याली निस्कन्छन् भने महिलाको अस्पतालमा लामो प्रसववेदनापछि शिशु जन्मन्छ । महिला शिशु काखमा च्यापेर अतीतका घाउ बिर्सिन्छे । तर बाबुको खोजी भने निरन्तर भई नै रहेको कुरालाई प्रस्तुत गर्दै महिलाले पुरुषबाट शोषित भई आफ्नो अधिकारका लागि सङ्घर्ष गरेको सन्दर्भलाई कथामा प्रस्तुत गरिएको छ ।

## धावा कथामा पितृसत्ता

पितृसत्ता भनेको समाजका सबै क्षेत्रमा पुरुषको वर्चस्व हुनु हो । साथै पितृसत्ताले महिलाको श्रम, शरीर र आयआर्जनमाथि नियन्त्रण गर्दछ । पितृसत्ताकै कारण समाजमा महिलाको प्रतिनिधित्व सङ्कुचन हुँदै आएको छ । असमान पारिश्रमिक, आत्मनिर्णयको अधिकार, श्रेणीकरण (हाइरार्की) घरेलु पारिवारिक जीवन (डोमेस्टिसिटी) का सबै क्षेत्रमा पितृसत्ता कायम छ भन्ने मान्यता नारीवादको रहेको छ । महिलाको शरीरप्रतिको धारणा पितृसत्तात्मक चिन्तनकै उपज हो । प्रस्तुत कथामा म पात्रको गर्भमा कुनै अज्ञात् पुरुषको सन्तान छ । ऊ कुनै पुरुषबाट गर्भधारण गर्न पुग्छे, तर त्यस गर्भबारे उसलाई पनि थाहा छैन । ऊ त्यस सन्तानको बाबु पत्तालगाउन र आफूले न्याय पाउँन न्यायालयमा रिट गर्न पुग्छे । त्यसैको परिणामस्वरूप नाराबाजी हुन्छ । महिलाहरू उसले न्याय पाउनु पर्ने पक्षमा नाराबाजी गर्छन्, भने पुरुषहरू न्यायालयले पुरुषको डी. एन. ए. परीक्षणका लागि गरेको निर्णयको विपक्षमा नाराबाजी गर्छन् । कथामा पुरुष शक्ति र पितृसत्ताका विरुद्धमा सङ्घर्ष हुन्छ । नारीवादी मान्यतामा महिलाको अवस्थाको मात्रै चित्रण नभएर आफ्नो अधिकारको लागि महिलाहरूलाई सङ्गठित गर्दै सङ्घर्ष गर्नु हो । यस कथामा पुरुषले नारीलाई भोग्य वस्तुका रूपमा लिई उसमाथि शोषण गरेको र त्यसको विरुद्धमा प्रतिरोधस्वरूप पहिचानका लागि न्यायालयसम्म पुगेको सन्दर्भलाई यसरी प्रस्तुत गरिन्छ :

**- "हो त कोमाथि शङ्का छ भन्ने प्रश्नको उत्तरमा भनी रे- श्रीमान्, मलाई थाहा भएन, अँध्यारोमा कहाँ को-को आए । जति आए उज्यालोसँग डराउँने आए । म चिन्दिन, आउन भने पक्कै आए । प्रमाण मेरो पेटको बच्चा छ । आउनेमा लोग्ने मानिस नै आए । यो मेरो बच्चा हो र कुनै लोग्ने मानिसको पनि । श्रीमान् त्यो लोग्ने मान्छे खुट्याइदिनुपर्‍यो । को हो त्यो ?"** (पृ.१०१)

प्रस्तुत कथांशमा नारीमाथि शोषण गरिएको छ । त्यो शोषण गर्ने मान्छे पुरुष नै रहेको छ तर कुनचाहि पुरुष हो त्यसको पहिचान भने खुल्न सकेको छैन । यसमा महिलाले गर्भधारण गर्नु, गर्भमा रहेको शिशुको बाबुको पहिचानका लागि सङ्घर्ष गर्नु, महिलाको शरीरलाई उपभोग्य वस्तुका रूपमा प्रयोग गरिनु मात्रै नभएर महिलाले अपरिचित गर्भधारण गर्दा परित्रहीनको संज्ञा पाउनु र सामाजिक संरचनामा दोषीको भागी महिला मात्रै बन्ने गरेको पाइन्छ । महिलाको शरीरलाई उपभोग्य वस्तुका रूपमा प्रयोग गर्ने पुरुषप्रति समाजले कुनै प्रतिक्रिया नदिनु पितृसत्ताकै उपज हो । महिलाले कुनै पनि स्वतन्त्र निर्णय लिन नपाउने र समाजमा यस विषयलाई लिएर निकै चर्चा परिचर्चा गरिएको छ । जसमा समाज, मिडिया र अन्य संस्था पितृसत्ताकै पोषकका रूपमा देखिएका छन् । पितृसत्तात्मक चिन्तनका कारण महिलाले वेश्या र चरित्रहीनको संज्ञा पाउनु परेको छ । महिलाको गर्भधारणमा

पुरुषको पनि उत्तिकै सहभागिता रहे पनि पितृसत्ताका दृष्टिमा महिलाले मात्रै अनेक लाञ्छना सहनु परेको छ । यही पितृसत्तात्मक  चिन्तनका कारण महिलाले वेश्या र चरित्रहीनको आरोपका बिच गर्भमा रहेको शिशुको बाबु खोज्नु परेको छ । यहाँ महिलाले गर्भमा रहेको शिशुको बाबुको खोजी गर्नु र बाबुकै नामबाट उसको परिचय कायम गर्न खोज्नु पितृसत्ताकै उपज हो । बुवाककै नामबाट मात्र शिशुको परिचय खुल्ने र बाबुकै नामबाट नागरिकको प्रमाण खुल्ने  पितृसत्तात्मक समाजमा महिलाले आफू अनुकूल काम गर्दा समाजमा अनैतिक हुने र पुरुषले अनैतिक काम गर्दा समाजमा वैधानिकता पाउँने गरेको सन्दर्भलाई यसरी प्रस्तुत गरिएको छ :

**-"हो म वेश्या हुँ । म जे काम गर्छु, त्यसलाई शब्दकोशले वेश्या नाम दिएको छ । त्यसैले म वेश्या । फुँडी, वेश्या, पातर्नी, रन्डी धेरै नाम छ मेरो । संज्ञा छ । म पुरुषसँग पैँसा लिन्छु र उसैको पुरुषत्व पनि लिन्छु । पैँसा लिएर पुरुषत्व किन्छु । लोग्ने मान्छे पैँसा तिर्छन् र पुरुषत्व बेच्छन् । म आफ्नो दिनचर्यालाई यसरी परिभाषित गर्छु यस अर्थमा ।"** (पृ.१०३)

प्रस्तुत कथांशमा आर्थिक अधिकार पुरुषमा नै निहित छ । यस कथाकी पात्र महिला आर्थिक अधिकारबाट वञ्चित रहेको पाइन्छ । उसको गरिबी र विपन्नता नै यसको कारण हो । यस कथामा महिला वेश्यावृत्तिमा लाग्नु उसको रहर नभई बाध्यता हो । आर्थिक कारणले नै महिलालाई यस कार्यप्रति प्रेरित गरेको छ । आफ्नो शरीलाई आफू अनुकुल प्रयोग गर्नु महिलाको स्वतन्त्रता पनि हो तर पुरुषले त्यसलाई गलत रूपमा व्याख्या गरी आफू पानीमुनिको ओभानो बन्ने र दोष महिलामाथि नै थुपार्ने पुरुषसत्तावादी चिन्तन प्रस्तुत भएको छ । यहाँ महिलाको वास्तविक पहिचान समाप्त गरेर पितृसत्तात्मक चिन्तनका कारण शोषणमा परेको यथार्थ चित्रण भएको छ ।

## धावा कथामा प्रतिरोधी चेतना

**धावा** कथाकी  कथाकार स्वयं नारी भएकाले म पात्रलाई पुरुषबाट पीडित पात्रको रूपमा उभ्याई कथामा प्रतिरोधी चेतना प्रस्तुत गरेकी छिन् । म पात्रको गर्भमा रहेको सन्तानको बाबुको पत्ता लगाउन न्यायालयमा उजुरी दिएकी छिन् । यसै सन्दर्भमा न्यायालयले सोह्र वर्षमाथिका पुरुषको डी. एन. ए. परीक्षण गरी बाबु पत्ता लगाउन निर्देशन दिएको छ । यसै कुरालाई लिएर म पात्रले समाजमा पुरुषबाट भएको प्रतिरोधको सामना गर्दै सङ्घर्ष गर्नु परेको छ  । म पात्रको गर्भमा भएको शिशुको बाबुबारे पत्ता लगाउन नारीहरू सङ्गठित भएर नाराबाजी गर्छन् भने त्यस आवाजलाई दबाउन पुरुष पनि उत्तिकै सक्रिय देखिन्छन् र न्यायालयले गरेको निर्णयका विरुद्ध नाराबाजी गर्छन् :

**"सडकमा दुई जुलुस निस्किन्छन् । अघिअघि केटाकेटी आइमाई र पछिपछि पुरुष पनि । बढी केटाकेटी, आइमाई र पुरुष । केटाकेटीको हातमा प्लेकार्ड छ, आइमाईका हातमा ब्यानर । नारा लाग्छ । अदालतको निर्णय फिर्ता ली । सबै  पुरुषलाई आरोप लाउन पाइँदैन । अर्को दिशाबाट अर्को जुलुस आउँछ । जुलुसमा उसै गरी महिला पुरुष र केटाकेटी छन् । नारा यस्तो छ - आमाले न्याय पाउनै पर्छ बाबु को हो भन्नै पर्छ ।"** (पृ. १०२)

प्रस्तुत कथांशका आधारमा नारीप्रतिरोधी चेतना प्रस्तुत भएको छ । यहाँ एकातिर पुरुष दमनकारी शक्तिको रूपमा उभिएको छ भने अर्कोतिर पुरुषसत्ताको प्रतिरोधस्वरूप म पात्रको अधिकारका लागि महिलाहरू न्यायका लागि सशक्त रूपमा उभिएका छन् । साथै पुरुषले गरेका शोषणका विरुद्ध निरीह भएर बस्नु हुँदैन । त्यसका लागि महिलाहरू सशक्त ढङ्गले सङ्गठित भएर भएर अगाडि बढ्नु पर्दछ भन्ने सन्दर्भ उल्लेख भएको यस कथामा पुरुषसत्ताका विरुद्धमा महिलाहरू न्यायका लागि सङ्गठित एवं सक्रिय भएर लाग्नु र नारी पहिचानका लागि आबाज उठाउनुले पुरुषसत्ता विरुद्धको प्रतिरोधी चेतना निर्माण भएको स्पष्ट हुन्छ ।

## सामाजिक शोषण

पितृसत्तात्मक सामाजिक संरचनामा नारीमाथि विभिन्न किसिमले शोषण हुने गर्छ । त्यो शारीरिक, आर्थिक, भाषिक र सांस्कृतिक आदि विभिन्न ढङ्गबाट हुने गर्छ । यस प्रकारको सामाजिक शोषणमा यस कथाकी म पात्र पनि परेकी छ । म पात्र वेश्यावृतिमा लाग्नुको मूल कारण आर्थिक हो भने उसको आर्थिक तथा शारीरिक शोषणमा पुरुषकै सहभागिता देखिन्छ । महिलाले वेश्यावृत्ति गर्दा अपराध हुने र पुरुषले वेश्यावृत्तिमा समान भागेदार हुँदा वैधाकिता पाउँने र कुनै किसिमको चारित्रिक संज्ञा नपाउने सामाजिक तथा सांस्कृतिक नै हो । सामाजिक रूपमा समाजमा पुरुषहरूले नारी लागि के गर्नु पर्छ ? उनीहरू कस्तो हुनु पर्छ ? उनीहरूको जीवन कस्तो छ ? भनेर यथार्थवादी ढङ्गले हेर्ने नभई कोरो आदर्शवादी ढङ्गले हेर्ने गरिन्छ । सामाजिक नीतिनियम पुरुषवादी विचारधाराबाट प्रेरित हुन्छन् । तिनै सामाजिक नीतिनियमका आधारमा नारीमाथि शोषण हुने गर्छ । प्रस्तुत कथामा पनि सामाजिक नीतिनियमका रूपमा आएका पितृसत्तावादी संस्कारबाट म पात्रले सामाजिक विभेदजन्य शोषण सहनु परेको छ :

**"वर्गीय हिसाबले न्यून वर्गीय धेरै र मध्यम केही पुरुष आउँछन् । पुरुष मात्र । अँध्यारो कुनाबाट आवाज आइरहेछ- कुरा मनासिब छ, ठिकै भनेकी हो । फलानाको छोरा, फलानाको नाति भनेर कुन आधारमा बसौंदेखि बाँड्दै आएको छ प्रमाणपत्र ? हामी लोग्ने मान्छेलाई कुरा नपच्नु अर्को कुरा, तर कुरो सोह्रैआना साँचो हो ।"** (पृ. १०२)

प्रस्तुत कथांशमा सामाजिक संस्कारका कारणबाट म पात्र शोषणमा परेकी छ । पुरुषकै कारण म पात्रको गर्भमा रहेको शिशुले परिचय पाउन नसकेको देखिन्छ भने शिशुलाई महिलाकै नामबाट समाजले परिचय नदिई उसको बाबु बाजेको नामबाट परिचय खोज्नु पर्ने सामाजिक रूपमा नारीले विभेदपूर्ण व्यवहारको सिकार बन्नु परेको छ । यसरी कथामा नारीचेतनाका साथै पितृसत्तात्मक सामाजिक मान्यता कारण नारीमाथि शोषण हुन पुगेको छ ।प्रस्तुत कथामा आर्थिक समानता नभएर विभेदयुक्त छ । आर्थिक तथा निर्णयको अधिकारमा पुरुषको नै प्रतिनिधित्व रहेको छ । म पात्रले पैंसाकै लागि बाध्यताबस शरीर बेच्नु परेको छ । उसको शारीरिक शोषणकारी अरु कुनै नभएर पुरुष नै रहेका छन् र त्यसैको परिणामस्वरूप उसको गभर्मा कुनै पुरुषको शिशु रहेको छ तर त्यो कसको वीर्यबाट जन्मेको हो थाहा छैन । कथामा म पात्रले आर्थिक विपन्नताकै कारण पुरुषसँग शरीर बेच्न परेको छ र त्यसैलाई पितृसत्ताले अत्यन्तै निकृष्ट रूपमा हेरेको छ । म पात्रकहाँ शारीरिक शोषण गर्न आउँने पात्रहरू समाजका विभिन्न पेसासँग आबद्ध छन् ।

**"म शब्दकोशकै परिभाषा स्वीकारेर भन्छु यतिबेला- म वेश्या हुँ । यो वेश्याको गर्भमा बच्चा छ । असल पुरुषले पैंसा तिरेर छाडेको बच्चा । जे जसरी गर्भाधान भए पनि म आमा बनैं । आमा बन्दैछु, मलाई थाहा छ र तपाइँलाई पनि, सारालाई थाहा छ तर मकहाँ आउनेमध्ये कसैलाई थाहा होला- यो उसको बच्चा हो ? कसले भन्न सक्छ ढुक्क आफैसँग मात्र पनि- यो मेरो हो ?"** (पृ.१०४)

प्रस्तुत कथांशमा म पात्रले पुरुषसँग पैँसाकै कारण शरीर बेच्नु परेको छ । महिलालाई वेश्या बनाएर वेश्याकै नामबाट परिचित गराउने काम पुरुषले गरेको छ । यसमा वेश्या बन्नु महिलाको बाध्यता हो भने, त्यो बाध्यता सिर्जनाको कारक पुरुषसत्ता हो । म पात्रले वेश्यावृत्तिमा लाग्नुको कारण समाजमा महिला पुरषकाबिचको आर्थिक असमानता हो । महिलामाथि आर्थिक र सामाजिक शोषण गर्ने कारकको रूपमा पुरुष नै देखापरेको छ । पुरुषले नै आर्थिक विभेद गरेको छ र उसलाई सामाजिक रूपमा वेश्याको नामबाट परिचय गराउने काममा पुरुष आफै संलग्न छ । यसरी कथामा पुरुषको नारीमाथिको आर्थिक तथा सामाजिक व्यवहार पनि सकारात्मक र नारी अनुकूल छैन ।

## निष्कर्ष

नीलम कार्की निहारिकाद्वारा लिखित **धावा** कथा नारीवादी चेतानामा आधारित कथा हो । धावाको अर्थ प्रतिरोध हो । यो पितृसत्तात्मक चिन्तनका विरुद्धको आक्रमण हो । यस कथामा सामाजिक रूपमा परम्परादेखि विद्यमान पितृसत्तात्मक मूल्यमान्यताप्रति चर्को आलोचना गरिएको छ । कथामा कथाकारले म पात्रलाई नारी पात्रका रूपमा उपस्थित गरी पुरुषसत्ताका विरुद्धमा प्रतिरोधी चेतना निर्माण गरेको छ । समाजका मूल्यमान्यताहरू नारी स्वतन्त्रताको पक्षमा नभई पितृसत्ता वा पुरुषवादी धारणाको पक्षधर रहेको छन् । समाजमा आर्थिक, शारीरिक, सामाजिक, र सांस्कृतिक कारणबाट महिलामाथि भएको विभेदजन्य व्यवहारको प्रस्तुति हुनुका साथै महिलाले आफ्नो अधिकारका लागि गरेको सङ्घर्षलाई पनि म पात्रका माध्यमबाट प्रस्तुत गरिएको छ । महिला आफ्नो अधिकारका लागि आफै सचेत भएर सामाजिक परिवर्तनको अभियानमा नलागेसम्म नारी पुरुषत्ववादी विभेदजन्य व्यवहारबाट मुक्त हुन सक्दैनन् । कथामा नारीमाथि घर,परिवार र समाजमात्र नभई पितृसत्तात्मक शासनशक्तिले नै शोषण र विभेदजन्य व्यवहार गर्दै आएको छ भन्न्ने सन्दर्भलाई प्रस्तुत मात्रै नगरी नारी शोषण र उत्पीडनको विरोध स्वरूप नारी अधिकार र स्वतन्त्रताका पक्षमा जोड दिएकाले यो सशक्त नारीवादी कथा हो भन्ने पुष्टि हुन्छ ।

## सन्दर्भ सामग्रीसूची


उप्रेती, सञ्जीव (२०६८). *सिद्धान्तका कुरा.* काठमाडौँ : अक्षर क्रियसन्स ।

कार्की, नीलम निहारिका (२०६२). *हवन.* काठमाडौँ : अभिव्यक्ति प्रकाशन ।

ढकाल, रजनी (२०७०). *सांस्कृतिक अध्ययनमा लैङ्गिकता.* भृकुटी. काठमाडौँ : भृकुटी एकेडेमिक पब्लिकेसन्स ।

त्रिपाठी, सुधा (२०६८). *नारीवादी सौन्दर्य चिन्तन.* काठमाडौँ : भृकुटी एकेडेमिक पब्लिकेसन्स ।

भट्टराई, रमेशप्रसाद (२०७७). *सांस्कृतिक अध्ययनको सिद्धान्त* र नेपाली सन्दर्भ. काठमाडौँ : भुँडीपुराण प्रकाशन ।